# लिसंखु पाखर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

अत्तरपुर, सिन्धुपाल्चोक

**प्रथम पटक सूचना प्रकाशित मितिः २०७७/४/१९ गते**

लिसंखु पाखर गाउँपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण सहित यस कार्यालयमा निवेदन दिनु हुन अनुरोध छ । रित नपुगेका र म्याद नाघी आएका दरखस्तालाई मान्यता दिइने छैन ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १ | ००१/०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ | रु ७०० |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभवः**

(क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तिर्ण भएको

(ख) अनुभव र सीप : प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ :

- कम्तिमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तिमा ६ महिनाको अनुभव भएको ।

(ग) उमेर : कम्तीमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको

**२. दरखास्त दिने स्थान :** लिसंखु पाखर गाउँ कार्यपालिकाको कार्यालय, अत्तरपुर, सिन्धुपाल्चोक (तोकिएको शुल्क नगद वा लक्ष्मी बैंक लि. मा रहेको खाता नं. ०८९०३००००१५ मा रकम जम्मा गरेको भौचरको सक्कल प्रति संलग्न हुनु पर्ने)

**३. दरखास्त दिने अन्तिम मितिः** २०७७ /५/२ गते कार्यालय समयमा (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सार्वजनिक विदा पश्चात कार्यालय खुल्ने पहिलो दिन)

**४. छनौट किसिमः** प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन र लिखित परीक्षा (५० पूर्णाङ्कको सेवा सम्बन्धी विषय र ५० पूर्णाङ्कको कम्प्युटर सम्बन्धी विषयको छुट्टा छुट्टै परीक्षा) ।

**५. आवेदन साथ संलग्न कागजातहरुः आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु :**

- नेपाली नागरिकता, न्युनतम योग्यताको लब्धांक प्रमाण पत्र, चारित्रिक प्रमाण पत्र, अनुभव खुल्ने कागजात र २ प्रति पासपोर्ट साइजको फोटो

**६. सेवा सुविधा :** नियमानुसार

**नोटः** आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ । थप जानकारीको लागि यस कार्यालय तथा कार्यालयको वेब साइट www.lisankhupakharmun.gov.np वा सम्पर्क नं. ०११६९१११८ मा सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**